# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, वैशाख ३० गते २०४८ साल (संख्या ५

## भाग ४

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी श्री चन्द्रबहादुर कार्की यस मन्त्रालयमा काजमा रहनु भएकोले उक्त प्र. जि. अ. पदमा उक्त कार्यालयका प्रशासकीय अधिकृत श्री मेघराज पाठकलाई नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी २०४७।१२।२५ गतेदेखि नै लागू हुने गरी का.मु. मुकरर गरिएको छ ।

आज्ञाले,
शिवप्रसाद आचार्य
सह-सचिव

श्री ५ को सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारले नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय तथ्याङ्क विभागको रिक्त महानिर्देशक पदमा सोही विभागको उप-निर्देशक श्री केशवराज शर्मालाई मिति २०४८।२।४ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
श्यामप्रसाद अधिकारी
सह-सदस्य सचिव (का.मु.)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४७।११।२४ को निर्णय बमोजिम श्रम तथा सामाजिक कल्याण मन्त्रालयको इन्जिनियरिङ सेवा, देहायबमोजिमको समूह र पदको पद संकेत देहायबमोजिम कायम गरिएको छ ।

| पद संकेत | स्थान | निर्धारित | | | | | पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पद नाम | सेवा | श्रेणी | स्तर | समूह उप-समूह | | |
| श्र।सा।०६।१ | श्रम तथा सामाजिक कल्याण मन्त्रालय | रा. प. द्वितीय श्रेणी | इन्जिनियर | रा. प. द्वितीय | उप-सचिव | मेकानिकल इन्जिनियरिङ | श्री नारायणबहादुर राउत | पद सृजना ०४७।११।२४ |

आज्ञाले,
विष्णुगोपाल रिसाल
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८